कालीगण्डकी गाउँपालिका, बिर्घा, स्याङ्जा

स्थानीय राजपत्र

खण्डः ९ संख्याः मितिः

भाग-२

साझेदारीमा विद्यार्थीहरुको बचत खाता संचालन कार्यक्रम कार्यविधि, २०८२

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावनाः

कालीगण्डकी गाउँपालिका शैक्षिक सत्र २०८१ देखी कालीगण्डकी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थिहरुलाई आर्थिक उपार्जनमा सहभागी गराउने साथै सानो उमेरबाट बचत गर्ने बानीको विकास र उद्यमशिलताको प्रवर्धन गराउने उदेश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा कालीगण्डकी गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाईएको छ।

परिच्छेद-१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

१) यस कार्यविधिको नाम "साझेदारीमा विद्यार्थिको बचत खाता सञ्चालन कार्यक्रम कार्यविधि,२०८१" रहेको छ।

२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखी लागु हुनेछ।

२. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क) "गाउँपालिका" भन्नाले कालीगण्डकी गाउँपालिका भन्ने सम्झनुपर्दछ।

ख) "विद्यालय" भन्नाले विद्यार्थी अध्ययनरत कालीगण्डकी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालय भन्ने सम्झनुपर्दछ।

ग) "साझेदारी" भन्नाले कालीगण्डकी गाउँपालिका र तोकिएको सेवा प्रदायक संस्था मिलेर सञ्चालन गरिने कार्यक्रम सम्झनुपर्दछ।

घ) "खातावाला" भन्नाले कालीगण्डकी गाउँपालिका र तोकिएको सेवा प्रदायक संस्था बीचको साझेदारीमा तोकिएको बैंकमा खाता खोलीएको विद्यार्थीलाई समझ्नुपर्दछ।

ङ) "प्रधानाध्यापक" भन्नाले विद्यार्थि अध्ययरत विद्यालयको प्रधानाध्यापक सम्झनुपर्दछ।

च) "सेवा प्रदायक संस्था" भन्नाले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गरी कालीगण्डकी गाउँपालिकामा शाखा रहेको र कालीगण्डकी गाउँपालिकाले बैंकिङ कारोबार गरिरहेको बैंकलाई सम्झनुपर्दछ।

छ) "खाता सञ्चालन अभियान" भन्नाले यस कार्यविधिको अधिनमा रही सेवा प्रदायक संस्था सम्बन्धित विद्यालयमा पुगी विद्यार्थीको खाता खोल्नका लागी सञ्चालन गर्ने कार्यक्रमलाई सम्झनु पर्दछ।

ज) "खाताको समयावधि" भन्नाले खाता खोलेको मितिदेखी १२ कक्षा उतिर्ण नहुदाको अवधि सम्झनु पर्दछ।

परिच्छेद-२

साझेदारी विद्यार्थीको खाता सञ्चालन सम्बन्धि व्यवस्थाः

३. कार्यक्रममा आवद्ध हुनेः

१) शैक्षिक सत्र २०८१ वा सो मिति भन्दा पछी भर्ना भएका विद्यार्थीलाई कार्यक्रममा आवद्ध गराउनको लागि निजका अभिभावक वा संरक्षक संग समन्वय गरी जन्मदर्ता र आवश्यक अन्य कागजातहरु

सहित अनुसूची-१ बमोजिमको ढाँचामा विद्यालयमा निवेदन दिनुपर्नेछ र सम्बन्धित विद्यालयले विद्यालयको सिफारिस सहित अनुसूची-२ मा तोकिएको ढाँचामा सेवा प्रदायक संस्थालाई निवेदन दिनुपर्नेछ ।

२) सेवा प्रदायक संस्थाले उपदफा(१) बमोजिमको प्राप्त निवेदन तथा कागजातको जाँचबुझ गरी यस कार्यविधि बमोजिम आवश्यक प्रकृया पुऱ्याई कार्यक्रमको सुरुवातमा सम्बन्धित विद्यालयले बैंकमा गएर नियमानुसार खाता खोल्नेछ। छुट भएका विद्यार्थीहरुको हकमा सम्बन्धित विद्यालयले बैंकमा गएर खाता खोलिदिनु पर्नेछ । साथै बैंकले खातावालालाई खाता खुलेको निस्सा जारी गर्नेछ र सो खाता नम्बर सहितको विवरण अनिवार्य रुपमा कालीगण्डकी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

३) शैक्षिक सत्र २०८१ वा सो मितिपछी भर्ना भएका बालबालिकालाई कार्यक्रममा आवद्ध गराउनु सम्बन्धित विद्यालयका प्रधानाध्यापक र निजका अभिभावकको कर्तव्य हुनेछ।

४) प्रचलित कानुन बमोजिम कालीगण्डकी गाउँपालिका भित्र स्थापित बालगृह, अनाथालय वा बैकल्पिक स्याहारमा आश्रित रहेका बालबालिकालाई कार्यक्रममा आवद्ध गर्नु प्रधानाध्यापक र त्यस्तो संस्थाका प्रमुख वा संरक्षकको कर्तव्य हुनेछ ।

४. खाता खोल्ने समयावधि सम्बन्धि व्यवस्थाः

१) आवश्यक प्रकृया पुरा गरी सेवा प्रदायक संस्थाले प्रत्येक विद्यालयमा पुगी विद्यार्थिको खाता खोल्ने कार्य गर्नु पर्नेछ।

२) खाता सञ्चालन अभियानमा छुट भएका र अभियान पछी भर्ना हुने विद्यार्थिको हकमा विद्यार्थी सम्बन्धित विद्यालयको कक्षा शिक्षकलाई अनुसूची-१ बमोजिमको ढाँचाको निवेदन सहित आवश्यक कागजात बुझाउनु पर्नेछ। विद्यार्थीले निवेदन पेस गरेको १५ दिन भित्र विद्यालयले अनुसुची-२ बमोजिमको ढाँचामा सिफारिस सहित बैंकमा गएर खाता खोलिदिनुपर्नेछ ।

५. कालीगण्डकी गाउँपालिका र सेवा प्रदायक संस्थाले रकम उपलब्ध गराउने तथा खातामा जम्मा हुनेः

१) संवत २०८१ सालमा वा सो भन्दा पछी विद्यालयले सिफारिस गरेका विद्यार्थीलाफ कार्यक्रम अन्तर्गत कालीगण्डकी गाउँपालिका र सेवा प्रदायक संस्थाले निःशुल्क खाता खोली रू १००/१०० (सय/सय रुपैया) विद्यार्थीको खातामा जम्मा गर्नेछ ।

२) यस कार्यविधि बमोजिम खोलिएको बैंक खातामा सम्बन्धित खातावाला विद्यार्थीले विद्यालय अन्तर्गत स्थापित अक्षयकोषबाट वितरित हुने छात्रवृत्ति रकम, कालीगण्डकी गाउँपालिकाबाट वितरण हुने छात्रवृत्ति रकम विभिन्न सामाजिक संस्थाले विद्यालय मार्फत विद्यार्थीलाई दिने आर्थिक सहयोग रकम र अन्य स्रोतबाट प्राप्त हुने नगद रकम समेत जम्मा गर्न सक्नेछन् ।

६. खातावालाले पाउने सुविधा सम्बन्धी व्यवस्थाः

१) कार्यक्रम अन्तर्गत खातावालाले पाउने सेवा सुविधा कालीगण्डकी गाउँपालिका र सेवा प्रदायक संस्था बिच सम्झौता गरी सो सम्झौता बमोजिम हुनेछ ।

२) बैंकले उपदफा(१) बमोजिमको सम्झौता अनुसार खातावालाले पाउने व्याज तथा अन्य नगद सुविधाहरु सम्बन्धित व्यक्तिको खातामा नै जम्मा गर्नुपर्नेछ ।

७. खातामा जम्मा भएको रकम भुक्तानी सम्बन्धी व्यवस्थाः

१) खातामा जम्मा भएको रकम भुक्तानीको लागि खातावालाले अनुरोध भएमा खातामा जम्मा भएको रकम तथा नियमानुसार प्राप्त हुने ब्याज र अन्य रकम एकमुष्ट रुपमा सम्बन्धित खातावालालाई भुक्तानी गर्नेछ ।

२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा खातावाला वा अभिभावक वा संरक्षकलाई रकम भुक्तानी दिनुपर्नेछ ।

१. खातावाला विद्यार्थीको मृत्यु भएमा,

२. अभिभावक वा संरक्षकको मृत्यू भई आर्थिक कठिनाईका कारणले विद्यालय शिक्षालाई निरन्तरता दिन वा पूरा गर्न नसकेको वा नसक्ने भएमा ।

परिच्छेद ३

सेवा प्राप्ति सम्बन्धी व्यवस्थाः

८. सेवा प्राप्त गर्नेः

१) कालीगण्डकी गाउँपालिकाले बैंकिङ कारोबार गरिरहेको सेवा प्रदायक संस्था संग सम्झौता गरी सम्झौतामा उल्लेखित कार्यक्रम अन्तर्गत खाता सञ्चालनको सेवा प्राप्त गर्नेछन।

२) उपदफा(१) बमोजिमको सेवा प्रदायक संस्था संग सेवा प्राप्त गर्न नसक्ने अवस्था भएमा कालीगण्डकी गाउँपालिकाले अन्य सेवा प्रदायक संग समेत सम्झौता गरी सेवा प्राप्त गर्न सक्नेछन्।

९. सम्झौता रद्ध हुनेः

देहायको अवस्थामा दफा ६ बमोजिम कालीगण्डकी गाउँपालिका र सेवा प्रदायक संस्था बिच भएको सम्झौता रद्ध हुनेछः

क) सेवा प्रदायक संस्थाले सम्झौता अनुसार खातावालालाई सेवा प्रदान नगरेमा ,

ख) सम्झौताका सर्त तथा यस कार्यविधिमा उल्लेखित व्यवस्थाको पालना नगरेको कारण एक र अर्को पक्षलाई असुविधा पर्न गएमा,

ग) कालीगण्डकी गाउँपालिकाबाट कार्यक्रममा बजेट व्यवस्था नभई निरन्तरता दिन नसकिने वा अन्य कुनै कारण परेमा सेवा प्रदायक संस्था संग समन्वय गरी कालीगण्डकी गाउँपालिकाले सम्झौता रद्ध गर्न सक्नेछ।

परिच्छेद-४

विविध

१०. अभिलेख तथा प्रतिवेदनः कालीगण्डकी गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले कार्यक्रममा आवद्ध विद्यार्थिहरुको आधारभुत अभिलेख अनुसूची ३ बमोजिमको ढाँचामा अद्यावधिक गरी राख्नु पर्नेछ।

११. अनुगमन मुल्याङ्कन तथा निर्देशनः

कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन नियमानुसार कालीगण्डकी गाउँपालिकाले गर्न सक्नेछ।

१२. बाधा अड्काउ फुकाउ तथा संशोधनः

१) यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्न बाधा अड्काउ परेमा कालीगण्डकी गाउँकार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाई कार्यक्रम सुचारु गर्न सक्नेछ।

२) कार्यविधिमा कुनै संसोधन गर्न आवश्यक भएमा कालीगण्डकी गाउँकार्यपालिकाबाट संसोधन हुनेछ ।

अनुसूची-१

(दफा ३ को उपदफा (१) संग सम्बन्धित)

आवद्धताका लागि विद्यार्थीले विद्यालयमा दिने निवेदनको ढाँचा

श्रीमान् प्रधानाध्यापक ज्यू,

.... विद्यालय,

कालीगण्डकी- .... स्याङ्जा।

विषयः कार्यक्रममा आवद्धता सम्बन्धमा।

प्रस्तुत विषयमा कालीगण्डकी गाउँपालिका र .... बैंकको साझेदारीमा खाता सञ्चालन कार्यक्रममा सहभागी हुन मञ्जुर भई आवद्धताका लागि यो निवेदन पेस गरेको/गरेकी छु।

विद्यार्थीको नामः

जन्म मितिः

जन्मदर्ता नं.

जन्मदर्ता मितिः

बाबुको नामः

आमाको नामः

बाजेको नामः

छाप

दायाँ	बायाँ

निवेदकः

हस्ताक्षरः

विद्यार्थीको नामः

कक्षाः

रोल नं.

ठेगानाः

मितिः

अनुसूची-२

(दफा ३ को उपदफा (२) संग सम्बन्धित)

खाता खोल्नको लागि विद्यालयले बैंकलाई सिफारिस गर्ने ढाँचा

......................................विद्यालय

कालीगण्डकी- .... स्याङ्जा।

श्री प्रवन्धक ज्यू,
प्राईम कमर्सियल बैंक,
कालीगण्डकी शाखा।

विषयः खाता खोलिदिने बारे ।

प्रस्तुत विषयमा कालीगण्डकी गाउँपालिका र .... बैंकको साझेदारीमा विद्यार्थिको खाता सञ्चालन कार्यक्रम अन्तर्गत देहायका व्यक्तिहरुको खाता खोलिदिनुहुन आवश्यक कागजात सहित सिफारिस गरी पठाईएको व्यहोरा अनुरोध छ।

तपशिलः

क्र.स.	खातावाला विद्यार्थीको नाम	जन्म मिति	जन्मदर्ता नं र दर्ता मिति	अभिभावक वा संरक्षकको नाम	विद्यालयको नाम र ठेगाना	विद्यार्थीको स्थायी ठेगाना	कैफियत

अनुसूची-३

(दफा ८ को उपदफा (१) संग सम्बन्धित)

स्थानीय तहले राख्ने अभिलेखको ढाँचा

कालीगण्डकी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

क्र.स.	खातावाला विद्यार्थीहरुको नाम	जन्ममिति	जन्मदर्ता नं र दर्ता मिति	बाबु र आमाको नाम	अभिभावक वा संरक्षकको नाम	ठेगाना	खाता खोलेको बैंकको नाम	बैंक खाता नं	खाताको अवधि पुग्ने मिति	कैफियत

अनुसूची-४

(दफा ५ को उपदफा (१) संग सम्बन्धित)

कालीगण्डकी गाँउपालिका,स्याङ्गजा र प्राइम कमर्सियल बैंक लिमिटेड,कालिगण्डकी शाखा बीच भएको सम्झौता (MOU) पत्र

स्याङ्गजा जिल्ला, गण्डकी प्रदेश **कालिगण्डकी गाँउपालिका** (जसलाई यस पछि प्रथम पक्ष भनिएको) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अन्तर्गत सञ्चालित स्याङ्गजा जिल्ला कालिगण्डकी गाँउपालिका **कालिगण्डकी शाखा** कार्यालय रहेको **प्राइम कमर्सियल बैंक लिमिटेड** (जसलाई यस पछि दोस्रो पक्ष भनिएको) बीच **कालिगण्डकी गाँउपालिका** कार्यालयमा बसी, कालिगण्डकी गाँउपालिकाको साझेदारीमा विद्यार्थीको बचत खाता सञ्चालन कार्यक्रम कार्यविधि-२०८१ बमोजिम देहायका शर्तहरु पालना गर्ने गरी दुबैं पक्ष बिच समझदारी भई यो सम्झौता गरी दुबै पक्षले एक/एक प्रति बुझिलियौं/दियौं ।

शर्तहरु :

१. दोस्रो पक्षले प्रथम पक्षको **"साझेदारीमा विद्यार्थीको बचत खाता सञ्चालन कार्यक्रम कार्यविधि-२०८१"** बमोजिम कालिगण्डकी गाँउपालिका स्थित सम्पुर्ण सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा शिशु देखी कक्षा १२ सम्मका सम्पुर्ण विद्यार्थीहरुको बैंक नियमानुसार बचत खाता खोल्नु पर्नेछ ।

२. दोस्रो पक्षले बुँदा नं. १ मा उल्लेख गरे बमोजिम बैंक खाता खोल्दा कार्यक्रमको सुरुवातमा सम्बन्धित विद्यालयमा गएर खाता विवरण भर्नु पर्ने छ र सो अवस्थामा कुनै विद्यार्थीको खाता छुट हुन गएमा सम्बन्धित विद्यालयले बैंकमा गएर खाता सञ्चालनको लागी सहजिकरण गरिदिने छ । साथै हरेक बर्ष भर्ना अभियान अन्तर्गत भर्ना हुने नयाँ विद्यार्थीहरुको सुचि सम्बन्धित विद्यालयले दोस्रो पक्षलाई उपलब्ध गराउने छ र सोही बमोजिम दोस्रो पक्षले आवश्यक प्रक्रिया पुरा गरी खाता सञ्चालन गरिदिने छ ।

३. दोस्रो पक्षले २०८१ साल वा सो भन्दा पछि विद्यालयले सिफारीस गरेका विद्यार्थीहरुलाई निशुल्क खाता सञ्चालन गरी संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत प्रत्येक खातामा रु १००/- (एक सय रुपैया मात्र) जम्मा गरीदिने छ र सोही बराबरको रकम प्रथम पक्षले समेत जम्मा गरिदिने छ। प्रथम पक्षले बार्षीक रुपमा सोही कार्यक्रम बजेट खर्च अन्तर्गत रकम जम्मा गर्दे जान सक्नेछ। साथै उक्त कार्यक्रम अन्तर्गत खोलिएका खातामा सम्बन्धित खातावाला विद्यार्थीले विभिन्न स्रोतबाट प्राप्त गरेको रकम जम्मा गर्न समेत सक्नेछन् । दोस्रो पक्षले खोलीएका खाताहरुमा चलनचल्तीको बैंक नियमानुसार व्याज समेत प्रदान गर्नुपर्ने छ ।

४. दोस्रो पक्षले उल्लेखीत कार्यक्रम अन्तर्गत खोलिएका खाताको भुक्तानि सम्बन्धि व्यबस्था प्रथम पक्षको "साझेदारीमा विद्यार्थीको बचत खाता सञ्चालन कार्यक्रम कार्यविधि-२०८१" को दफा ७ बमोजिम हुने छ । तर सम्बन्धित विद्यार्थीको खातामा अन्य स्रोतवाट निजहरुले जम्मा गरेको रकम एवं अन्य सुविधाहरु जस्तै डिम्याट खाता, मोवाईल बैंकिङ्ग आदी वापत बैंकले लिनुपर्ने शुल्क वा अन्य रकम कट्टा गर्नुपर्ने भएमा बाधा पुग्ने छैन ।

५. उल्लेखीत कार्यक्रम अन्तर्गत खोलिएका खाताहरुको कारोबारमा सहजीकरण गर्ने दायित्व दोस्रो पक्षको हुनेछ भने प्रथम पक्षले खाता खोल्दा आवश्यक कागजात उपलब्धताको लागी विद्यालयहरुमा संयोजन गरीदिने छ ।

६. उल्लेखीत कार्यक्रम अन्तर्गत खोलिएका खाताको विवरण दोस्रो पक्षले प्रथम पक्ष एवं सम्बन्धित विद्यालय प्रशासनलाई उपलब्ध गराउनु पर्नेछ ।

७. यस सम्झौतामा उल्लेख नभएका शर्तहरु कालिगण्डकी गाँउपालिका "साझेदारीमा विद्यार्थीको बचत खाता सञ्चालन कार्यक्रम कार्यविधि-२०८१" एवं प्रचलित कानुन बमोजिम हुनेछ ।

८. यस सम्झौताका शर्त तथा "साझेदारीमा विद्यार्थीको बचत खाता सञ्चालन कार्यक्रम कार्यविधि-२०८१" बमोजिमको व्यवस्था पालना नभई दुवै वा कुनै एक पक्षलाई असुविधा पर्न गएमा मनासिव कारण उल्लेख गरी सम्झौता रद्द गर्न सकिने छ ।

प्रथम पक्ष, गाउँपालिकाको तर्फबाट :	दोस्रो पक्ष, बैंकको तर्फबाट :
हस्ताक्षर :.................................... :................................	हस्ताक्षर
नामः	**नामः**.......................
पदः	**पदः**.........................
साक्षी :	**साक्षी :**
हस्ताक्षर :.................................... :................................	हस्ताक्षर
नामः	**नामः**.......................
पदः	**पदः**.........................

ईति सम्बत्   साल.................महिना........गते रोज ......शुभम् ....